## राष्ट्रिय मानव अधिकार आयोगको २० औं वार्षिकोत्सवको उपलक्ष्यमा

## आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले दिनु भएको मन्तव्य ।

**सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिबहिनीहरू,**
**राष्ट्रसेवक, नागरिक समाजका प्रबुद्ध व्यक्तित्व,**
**मानव अधिकारकर्मी तथा पत्रकार मित्रहरू,**
**नेपालका शुभचिन्तक विदेशी मित्रहरू !**

१) नेपालमा लोकतान्त्रिक बहुदलीय व्यवस्था पुनः प्राप्त भएपछि २०५३ सालमा राष्ट्रिय मानवव अधिकार आयोग सम्बन्धी ऐन निर्माण भई संयुक्त राष्ट्र संघको पेरिस सिद्धान्त (Paris Principles) अनुसार २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो । मानव अधिकारको सम्मान्, संरक्षण, सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने कर्तव्यका साथ स्थापित स्वतन्त्र र स्वायत्त यो आयोग आज २० वर्ष पूरा गरी २१ वर्षमा प्रवेश गर्दैछ ।

२) विभिन्न उकाली ओरालीहरु पार गर्दै २१ वर्षको तरुणवयमा प्रवेश गरिरहेको अवस्थामा कोरोना भाइरसको प्रकोपको कारण यस वर्ष आयोगको वार्षिकोत्सव आयोग परिसरमा हाम्रा अतिथिहरू माझ एकसाथ मनाउन सकेनौं । यस्तो विषम परिस्थतिमा प्रविधिको माध्यमबाट आयोगका सम्पूर्ण स्वदेशी तथा विदेशी शुभेच्छुकहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

३) कोरोना भाइरसको महामारीको कारण विश्वमा मानव जातिको जीवन संकटमा परेको छ र यस परिस्थितिबाट उत्पन्न कठिनाइका बाबजुद विश्वका सबै राष्ट्रहरू मानवजातिको जीवन रक्षाको लागि नै तत्पर र अग्रसर रहेका छन् । यतिखेर मानव समुदाय एक जुट भई सुरक्षित र संयमित हुँदै जीवनको अधिकार संरक्षण गर्ने तर्फ नै केन्द्रित हुनुपर्ने अवस्था आएको छ । यस महामारीको संक्रमणबाट मृत्यु वरण गर्नु परेका सबै नेपाली तथा विदेशी नागरिकप्रति श्रद्धाञ्जली र समवेदना व्यक्त गर्न चाहन्छु । साथै, संक्रमित भै कोरोना भाइरसँग लडिरहनु भएकाहरुको प्रभावकारी उपचार र शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आयोगका पूर्वसदस्य सुशीला सिंह 'शिलु'को यसै साता भएको निधनबाट परिवारजनमा पर्न गएको दुःखप्रति हार्दिक समवेदना प्रकट गर्दै मृत आत्माप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

४) राष्ट्रिय मानव अधिकार आयोग आफ्नो संवैधानिक कर्तव्यबाट विमुख नभई मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि तल्लीन रहेको छ । कोभिड-१९ बाट उत्पन्न

अहिलेको परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न आयोगले नेपाल बार एशोशियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ, नेपालबीच सहकार्य गरी मानव अधिकार अवस्था अनुगमन समितिहरुमार्फत सातै प्रदेश र ७७ जिल्लाका प्रतिनिधिहरूको सहभागितामा मानव अधिकार अवस्थाको अनुगमन गरिरहेको छ । अनुगमनबाट प्राप्त तथ्यका आधारमा प्रेस विज्ञप्ति, प्रेस नोट तथा पत्राचारको माध्यमबाट सम्बन्धित विषयहरूमा सम्बोधन गर्नको लागि नेपाल सरकारको ध्यानाकषर्ण गराउँदै आएको यहाँहरूलाई स्मरण गराउन चाहन्छु ।

५) बन्दाबन्दीको कारण साना व्यवसाय तथा दैनिक ज्याला मजदुरी गरी खानेहरू, उद्योग कलकारखानाहरू प्रभावित भएका छन् । संक्रमणको त्रास र भयका कारण कयौं दीर्घ रोगी, गर्भवती, सुत्केरी महिला, बृद्धबृद्धा र बालबालिकाहरूलाई नियमित स्वास्थ्य उपचारमा कठिनाइ उत्पन्न भएको छ । अहोरात्र खटिरहेका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, स्वयम्सेवक र राष्ट्रसेवक कर्मचारीहरू बढी जोखिममा रहेका छन् । विश्वविद्यालय र माध्यमिक तहका विद्यालयहरू बन्द भएका कारणले बालबालिका तथा विद्यार्थीहरूको पठनपाठनमा असर पर्न गएको छ । महिला तथा बालबालिका माथि हिंसा, र आत्महत्याका घटनाहरु नियन्त्रण हुनसकेका छैनन् । क्वारेण्टिनको व्यवस्थापनमा देखिएको कमजोरी, कृषि उत्पादन तथा मल बीऊ प्राप्तिमा किसानहरूलाई कठिनाई, स्वदेशमा उत्पादित वस्तुहरू उपभोक्ता समक्ष पुग्न भएको समस्या, आप्रवासी कामदार तथा गैरआवासीय नागरिकहरूको संक्रमणको कारण भइरहेको निधन, नागरिकहरू रोजगारविहिन हुन पुगेको स्थिति, वैदेशिक अध्ययनमा रहेका विद्यार्थीहरूको पठन पाठन प्रभावित हुनुका साथै तिनीहरूलाई सुरक्षित रुपमा स्वदेश फिर्ता ल्याउने कार्य जटिल बन्दै गइरहेको स्थिति छ ।

६) यस्तो परिस्थितिमा सरकारी निकायहरुबाट प्रवाह हुने सेवा तथा कार्यक्रमहरु महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत, वञ्चितीकरणमा परेका र पछाडि पारिएका समुदायको जीवनस्तरमा सुधार ल्याउने गरी मानव अधिकारमुखी पद्धतिबाट लागू गर्न, संघ, प्रदेश र स्थानीय तहहरूमा सुविधासम्पन्न अस्पतालहरूको व्यवस्था मिलाउन, सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरूको सेवा सुविधामा विशेष ध्यान दिन म नेपाल सरकारको ध्यान केन्द्रित गर्न चाहन्छु ।

७) मानव मर्यादा, न्याय र समानतालाई मूल मन्त्रको रुपमा लिई पीडितमूखी र आवाजविहीनहरूको आवाजलाई प्रतिनिधित्व गर्दै देशमा मानव अधिकार अवस्थाको अनुगमन, अवलोकन र समीक्षाको अतिरिक्त मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान गरी प्राप्त तथ्यहरू सहित कानूनी विश्लेषणको आधारमा नेपाल सरकारलाई आयोगले आवश्यक सिफारिस गर्दै आएको छ । आयोगमा हालसम्म दर्ता उजुरी संख्या-१२,८२२ पुगेको छ । आयोगले सो मध्ये १,१८६ मा मानव अधिकार उल्लंघन भएको

विषयमा निर्णय गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गरेको छ । तर सिफारिस कार्यान्वयनतर्फ हेर्दा पूर्ण कार्यान्वयन ११ प्रतिशत मात्र रहेको छ भने आंशिक कार्यान्वयन ३९ प्रतिशत र ५० प्रतिशत अझै पनि विचाराधीन अवस्थामा रहेको देखिन्छ । मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा तथा मानव अधिकार सम्बन्धी सन्धि जनित समितिहरूबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको समयवद्ध रुपमा कार्यान्वयन गर्नु त्यत्तिकै जरुरी छ । आयोगका सिफारिसहरुलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने संवैधानिक र कानूनी दायित्व सरकारको भएपनि व्यवहारमा कार्यान्वयन अवस्था सन्तोषजनक हुन नसक्नु, दण्डहीनताले निरन्तरता पाइरहनु र संक्रमणकालीन न्यायका विषय सम्बोधन हुन ढिलाई हुनु दुखद् पक्ष रहेको छ ।

८) आयोग स्थापना भएको २० बर्ष पूरा हुँदा आयोगको पहुँच सातै प्रदेशमा विस्तार भएको छ । यस अवधिमा आयोगले आफ्नो स्थायी कर्मचारीको व्यवस्थापन गरेको छ । Global Alliance of National Human Rights Institution (GANHRI) बाट यो आयोग स्थापना कालदेखि नै 'ए' स्तरमा कायम रहन सफल भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा आयोगको उपस्थिति एवम् सहभागिता अर्थपूर्ण र प्रभावकारी हुँदै आइरहेको छ । २०७२ सालको भूकम्भको समयमा आयोगबाट प्रभावित जिल्लाहरूमा घुम्ती शिविर मार्फत गरिएको अनुगमन, संविधान सभा, प्रदेश सभा तथा स्थानीय निकायको निर्वाचन अनुगमनका साथै सशस्त्र द्वन्द्वको समयमा आयोगबाट मानव अधिकारका विषयमा गरिएका अनुगमन कार्यका हाम्रा अभ्यासहरूले अन्तर्राष्ट्रिय जगतमा अनुकरणीय अभ्यासको रुपमा महत्व पाएका छन् । नेपाल सरकार, नागरिक समाज, दातृ निकाय, अन्तर्राष्ट्रिय समुदाय सबैको साथ र सहयोगमा आयोगले यस वर्ष आप्रवासी कामदारको मानव अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गर्न सफल भएको छ । नेपाल सरकारका निकायहरू, विधायिका संसद, न्यायपालिका, प्रदेश तथा स्थानीय निकाय, नागरिक समाज, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरूसँग समन्वय र सहकार्यमा भएका यस्ता कार्यहरूलाई महत्वपूर्ण र सकारात्मक मान्न सकिन्छ ।

९) गम्भीर प्रकृतिका मानव अधिकार उल्लंनका केही घटनाहरू, बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी बालिका निर्मला पन्तको विषय, तराई मधेश आन्दोलनको रुपमा २०७२ सालमा कैलालीको टीकापुरमा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने र एक नाबालक सहित ९ जनाको ज्यान गएको घटना, सप्तरीको मलेठ घटनालगायत सर्लाहीका कुमार पौडेलको २०७६ मा प्रहरीले घेराबन्दीमा पारी हत्या गरेको घटना सम्बन्धमा आयोगले विषयविज्ञ सहितको अनुसन्धान टोलीको प्रतिवेदनको आधारमा गरिएका सिफारिसहरूले मानव अधिकार संरक्षण र सम्बर्धनको कार्यमा नेपाल सरकारलाई पक्कै पनि थप मद्दत पुग्ने छ भन्ने मैले विश्वास लिएको छु ।

१०) आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरू, सामाजिक न्यायका विषयहरू, सामाजिक तथा जातीय विभेद, महिला अधिकार, महिला हिंसा र न्यायमा पहुँच, दिगो विकास र मानव अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, उपभोक्ताका अधिकार, वातावरण र दीगो विकासको अधिकार, आप्रवासी कामदारका अधिकारहरू, व्यवसाय र मानव अधिकार, सीमा क्षेत्रमा बस्ने नागरिकको मानव अधिकार, मानव वेचविखन, कैदीबन्दीका अधिकार, विधायिका र मानव अधिकार जस्ता विषयहरूमा छलफल, अन्तर्क्रिया र संवादका साथै अनुगमन समेत गरी प्रतिवेदनहरू सार्वजनिक गरेको छ । मानव अधिकार सम्वाहक तथा आयोगका महत्वपूर्ण निणर्यहरूसम्बन्धी प्रतिवेदनले निरन्तरता पाएका छन् । आयोगले २० वर्ष पूरा गरेको दिन हिजो मात्रै *सीमा क्षेत्रका नागरिकको मानव अधिकार अवस्था अनुगमन प्रतिवेदन* सार्वजनिक गरेको छ ।

११) यी सकारात्मक प्रयासहरूको बाबजुद समस्या तथा चुनौतीहरू पनि हाम्रा सामु यथावत छन् । वि. सं.२०७२ सालको भूकम्पबाट क्षतिग्रस्त आयोगको केन्द्रीय कार्यालयको भवन अझै निर्माण हुन सकेको छैन । राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ मा गरिनुपर्ने संशोधनका विषयहरूको मस्यौदा आयोगको हकबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको ४ वर्ष पूरा भइसक्दा पनि त्यसतर्फ कुनै सार्थक कार्य अगाडि बढ्न सकेको छैन बरू सरकारका तर्फबाट आयोगको स्वतन्त्रता र स्वायत्ततालाई संकुचन पार्ने प्रयास बेलाबेलामा भइरहेको छ । संघीय संरचना अनुसार आयोगले पारित गरी स्वीकृतिका लागि पठाइएको आयोगको सांगठनिक संरचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दुई वर्ष देखि अड्किरहेको छ । अर्थ मन्त्रालयबाट आर्थिक भार नपर्ने विषय रहेको आयोगको कर्मचारी नियमावली पनि कार्यान्वयनमा कठिनाई उत्पन्न भएको छ । यी कठिनाइका विषयहरूलाई सम्बोधन गर्न आयोगले नेपाल सरकार एवम् सरोकारवाला निकायलाई ध्यानाकर्षण गराइरहेको छ । मलाई विश्वास छ, नेपाल सरकारबाट यी विषयहरुमा चाँडै नै सम्बोधन हुनेछ ।

१२) कानूनी शासन, स्वतन्त्र न्यायपालिका, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार जस्ता विषयहरू लोकतन्त्रका महत्वपूर्ण खम्बा हुन् । यिनीहरूको सम्मान र संरक्षणले नै लोकतान्त्रिक मूल्य र मान्यताको संस्थागत विकासका साथै कानूनको शासनले जीवन्तता पाउन सक्दछ । संघीय लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकास, सम्बृद्ध नेपाल, दीगो शान्ति र दीगो विकासको लागि विधिको शासन, सुशासन, स्वतन्त्र र सक्षम न्यायपालिका, स्वतन्त्र र स्वायत्त संवैधानिक निकायहरू, मानव अधिकार, विचार र अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रताको सम्मान, सरक्षण र सम्बर्द्धनबाट नै दीगो शान्ति र दीगो विकास सम्भव छ । घरघरमा मानव अधिकारको माध्यमबाट नै समृद्ध नेपाल, सुखी नेपालीको नारा सार्थकतामा परिणत हुन सम्भव छ ।

१३)	मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकार, नागरिक समाज, मानव अधिकारकर्मीहरू, विकास साझेदारहरु, आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरू सबैको अथक प्रयास, साथ र सहयोगका लागि म सबैप्रति धन्यवाद व्यक्त गर्दछु । यस विषम परिस्थितिमा कोभिड-१९ को महामारीबाट नेपाललाई मुक्त गर्न र मानव अधिकारको संरक्षणका साथै मानव जातिको जीवन रक्षाको लागि नेपाल सरकारबाट जारी भएको लकडाउन (बन्दाबन्दी) को पूर्ण पालना गरी आफू, आफ्नो समुदाय र राष्ट्रको सुरक्षा गर्नमा सबै नागरिकले आआफ्नो स्थानबाट यथेष्ठ सहयोग र साथ दिँई नागरिक कर्तव्य पनि पूरा गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

१४)	अन्त्यमा, कोभिड १९ को महामारीबाट छिट्टै नै विश्वले मुक्ति पाउने आशा एवम् विश्वास गर्दै सबै नेपालीको सुस्वास्थ्यको कामना गर्दछु । घरघरमा मानव अधिकार हाम्रो प्रतिवद्धता तथा नारा हो । सबै नेपालीका सामु सुख र शान्तिले राज गरोस् ।

**॥ धन्यवाद ॥**

**१३ जेठ २०७७, ललितपुर, नेपाल !**